# रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १९ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राई(निर्माण)द्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

२०८३ साल आषाढ १० गते, बुधबार

रामप्रसादराई गाउँपालिका

बैकुण्ठे, भोजपुर

कोशी प्रदेश, नेपाल ।

**रामप्रसादराई गाउँपालिका गाउँ सभाको १९ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राई(निर्माण)द्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को**

**वार्षिक नीति तथा कार्यक्रम**

**२०८३ साल आषाढ १० गते बुधबार**

रामप्रसादराई गाउँपालिकाको गाउँसभा बैठकको १९ औं अधिवेशनको गरिमामय सदनमा उपस्थित गाउँ सभाका सदस्यज्यूहरु, सभाको सचिवज्यू, साथै सम्पूर्ण कर्मचारीज्यूहरु, पत्रकार, सुरक्षाकर्मी लगायत आमजनसमुदायहरु

यस गाउँपालिकाको अध्यक्षको रुपमा गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुशी लागेको छ ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाको लागि आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने ती महान सहिद्हरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसै क्रममा भएका १० वर्षे जनयुद्ध,१९ दिने जनआन्दोलनको क्रममा, घाइते,अपाङ्ग, तथा वेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । मुलुकमा नयाँ संविधान जारी भएपछि सोही संवैधानिक व्यवस्था बमोजिम तीन तहका सरकारहरु कृयाशील रही आएको सर्वविदितै छ। यो मौलिक स्वरुपको राजनैतिक उपलब्धीसँगै मुलुकमा दोश्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु आज चौँथो वर्ष पूरा गरी पाचौं वर्षको यात्रामा हिंडिरहेका छौं । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान अवस्थामा राज्यको सम्पूर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी यस गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

विगत देखि वर्तमानमा आईपुग्दा हामीले हाम्रा नागरिकहरुमा स्थानीय सरकारप्रतिको थप आशा र भरोसा पैदा गर्दै आर्थिक गतिशीलता बढाउन,भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गरी गाउँपालिकाको केन्द्र सम्म बाह्रै महिना सहज ढंगले यातायातको पहुँच कायम हुन,स्थानीय स्तरमा जनशक्ति उत्पादनको अवसर हुनु, ऐतिहासिक स्थल,प्राकृतिक श्रोत तथा जडिबुटीको उपलव्धता हुनु, विविध हावा, पानी र जैविक विविधताले भरिपूर्ण हुनु यस गाउँपालिकाको सबल पक्ष हुन् । यसका अलवा न्यून आन्तरिक आय, सीमित श्रोत साधन, दक्ष जनशक्तिको अभाव हुनु यस गाउँपालिकाका दुर्बल पक्ष रही आएका छन्।

तथापि वडा कार्यालयवाट प्राप्त अधिकार बमोजिमका कार्य संचालन हुँदै जानु, सबै वडा कार्यालयहरु यातायातको संजालमा जोडिनु, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु दृश्यावलोकन गर्न यस गाउँपालिकाका अवसर रही आएका छन्।

पहाडी जिल्लामा भएको यस गाउँपालिकाको भौगोलिक विकटताको कारण विकासमा कठिनाई, युवाशक्ति विदेश पलायन हुनु,न्यून श्रोत साधनका कारण गाउँपालिकावासीहरुको आकांक्षा अनुसार विकासका कार्यक्रमहरु अगाडि वढाउन नसक्नु,विषयगत कार्यालयसँग पूर्णरुपमा कार्यक्रमहरु गाउँपालिकाभित्र ल्याउन नसक्नु हाम्रो मुख्य चुनौतीहरु रहेका छन्।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

यी चुनौतीहरुका बाबजुद पनि गाउँपालिकाको आठ वटै वडा क्रियाशिल हुनु, गाउँपालिकामा कार्य संचालनका लागि सबै शाखाहरूबाट सेवाप्रवाह हुनु र विषयगत शाखा स्थापना हुनु, विषयगत समिति गठन भई कार्यसम्पादनमा लाग्नु जस्ता कार्यबाट यस गाउँपालिकाले सम्पादन गर्ने सेवाहरु सुचारु गर्न हामीलाई धेरै सहज भएको छ।

चार वर्षको अनुभवले हामीलाई आगामी कार्य अवधिको लागि यात्रा तय गर्न धेरै क्षेत्र र पक्षमा मार्गदर्शन गरेको छ । सुरुवाती वर्षमा केही अन्योल तथा अस्पष्टता भएतापनि त्यस पछिको वर्षहरुमा हामी परिपक्क ढङ्गले नीति तथा योजना बनाएर अगाडि बढ्दै गएको महसुस भएको छ। चालु आर्थिक वर्षमा वडा र गाउँ कार्यपालिकाको कार्यालय दुबैतर्फबाट छनौट भएकामध्ये केही योजना र कार्यक्रमलाई चाहेजति प्रभावकारी र प्रतिफलयुक्त बनाई समयमा कार्य सम्पन्न गराउन नसकिएको भएतापनि हाम्रा प्रयासहरु प्रतिफलमुखी नभएको भने हैन । महत्त्वपूर्ण कुरा विगतको गल्तीबाट पाठ सिकेर आगामी दिनमा थप सुधारको योजनासहित प्रतिबद्ध भएर अगाडि बढ्नु हो । यो कुरा विगतका कार्यपालिकाका बैठकहरुमा पनि हामी कार्यपालिकाका सदस्यहरुले अनुभूत गरिसकेका छौं साथै नीतिगत सुधारको लागि कार्यपालिकाका बैठकहरुबाट पनि केही निर्णयहरु गर्दै आइरहेका छौं । तसर्थ आगामी आर्थिक वर्षको लागि प्रस्तुत यस नीति तथा कार्यक्रमलाई पढ्दा तथा सुन्दा यस पालिकाले गरेका थप सुधारका प्रयासको अनुभति गर्न सक्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

सुन्दर र समृद्ध रामप्रसादराई गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष अभिव्यक्त गरेका प्रतिबद्धताहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । आज नागरिकहरुको घरदलानसम्म संघीय लोकतान्त्रिक गणतन्त्रको अनुभूति दिलाउन प्रयासरत छौं, यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न एकीकृत अभियान सञ्चालन गरिनेछ ।
गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, आधारभूत शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने, गुणस्तरीय भौतिक पूर्वाधारको विकास र दिगो व्यवस्थापन गर्ने, पर्यापर्यटनको क्षेत्रमा विस्तार गरी कृषि क्षेत्रको दिगो विकाससँगै युवा लक्षित कार्यक्रम मार्फत स्थानीयबासीको जीवनस्तर सुधारलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ।

**१९ औं अधिवेशनको गाउँ सभाका सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, चालु आवधिक योजना, जनता सामु गरेका प्रतिबद्धता, टोलस्तर देखि वडास्तर हुँदै पालिकाले बनाएका नीतिगत दस्ताबेजलाई आधार लिई विषयगत समितिबाट सिफारिस हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मका बजेट तर्जुमाका चरणमा भएका छलफल, गाउँ कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त सुझाव एवं प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका काम, कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिएको छु।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

स्थानीय तहको दोस्रो निर्वाचनद्वारा निर्वाचित रामप्रसादराई गाउँपालिकाका हामी पदाधिकारीहरु संविधानवाद, कानूनको शासन, मानवअधिकार, मौलिक हकको संरक्षण र प्रवर्द्धन, सामाजिक न्याय तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास एवम् स्थानीय तहको सुदृढीकरण मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा मजबुत बनाउँदै निर्वाचनका समयमा सार्वभौम नागरिक समक्ष हामीबाट व्यक्त गरिएका प्रतिबद्धता अनुरुप स्वच्छ, सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्यप्रणालीको स्थापना र अभ्यासको माध्यमद्वारा स्थानीय तहबाट प्रवाह गरिने सेवामा गुणस्तरीयता, निष्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता एवं जिम्मेवार सुशासन प्रणालीको प्रवर्द्धन गर्न प्रतिबद्ध रही योजनाबद्ध विकासद्वारा मात्र दिगो शान्ति र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतामा दृढ तथा प्रतिबद्ध छौं।

यसै सन्दर्भमा आ.व. ०८३।०८४ को नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चहान्छु।

**यस नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु निम्न अनुसार छन् :-**

१) गाउँपालिकाको गरिबी न्यूनिकरण गर्दै जनताको जीवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,

२) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको उच्चतम् परिचालन गर्दै गाउँपालिकाभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गर्दै आफ्नै जनशक्तिको प्रयोग गरी गाउँपालिकाको आर्थिक सम्बृद्धि हासिल गर्ने,

३) सार्वजनिक, निजी र कृषि सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै कृषि, पर्यटन तथा पूर्वाधारका क्षेत्रमा लगानी गरी, सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने।

४) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।

५) विपद न्यूनिकरण प्रतिकार्य तथा व्यवस्थापन गर्ने ।

**यसै गरी यस नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु निम्न अनुसार रहेका छन:-**

१. शैक्षिक श्वेतपत्र २०८३ को प्रभावकारी रुपमा कार्यन्वयन गरी शैक्षिक गुणस्तर सुदृढीकरणमा गुणात्मक हिसाबले फड्को मार्ने,

२. पालिकाबासी नागरिकहरुको सुरक्षित आवास (फुसको छानो हटाउने)को हकलाई सुनिश्चित गर्नको लागि जस्तापाता फेर्न कार्यसम्झौता भएका सबै नागरिकहरुको लागि पर्याप्त मात्रामा बजेटको व्यवस्था मिलाउने,

३. सबै सडकहरु बाह्रैमास प्रयोग गर्न सक्ने गरी आवश्यक बजेटको व्यवस्था गर्ने

४. गाउँपालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्तिका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने,

५. उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न कृषि, पशुपालन, शिक्षा, पर्यटन, घरेलु तथा साना उद्योगका क्षेत्रमा पूँजी परिचालन गर्ने,



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

६. भौतिक र सामाजिक पूर्वाधारको विकास गरी सम्बृद्ध गाउँपालिका बनाउने अभियानलाई गति दिन शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पशुपालन, सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार गर्ने,
७. स्थानीय सरकारको आधार सुशासन, नैतिकता र सदाचार भन्ने अभिप्रायका साथ आम गाउँपालिका बासीलाई गुणस्तरीय, परिणाममुखी र छिटो छरितो सेवा प्रदान गर्ने,
८. मानव समाजको मूल आधार कृषिमा सुधार गर्ने उद्देश्यले कृषकहरुलाई उत्पादनको आधारमा प्रोत्साहन गर्ने ।
९. विपद जोखिमको न्यूनिकरण र पर्यावरणीय संरक्षण गर्ने।
१०. नागरिकको घरघरमा बादर आतङ्क बढिरहेको सन्दर्भमा यसको नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउने,
११. सबै जातजातीको भाषा,धर्म,संस्कार,संस्कृतिको संरक्षण गर्ने कार्यमा आवश्यक व्यवस्था मिलाइने ।

विकास बहुआयमिक विषय भएकोले यसको लक्ष्य प्राप्त गर्न कुनै एक क्षेत्रबाट मात्र सम्भव छैन। विकासको प्रमुख दायित्व यस रामप्रसादराई गाउँपालिका क्षेत्रमा गाउँपालिकाको हो भन्ने कुरामा दुईमत छैन तर बहुआयमिक विकासको लागि केवल गाउँपालिकाको मात्र मुख ताकेर बस्नु पनि बुद्धिमानी पूर्ण कार्य होईन र यो तर्कसंगत पनि छैन। किनकी गाउँपालिका बाहेक अरु पनि विकासका संवाहक छन, सबै संवाहक गाउँपालिका सँग हातेमालो गरी यो गाउँपालिकाको विकासको लागि तनमन लगाएर सदा लाग्नु पर्ने कुरा म यस सभामा राख्न चाहान्छु।

**गाँउ सभाका सदस्यज्यूहरु,**

टोल वस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुको सम्बोधन गर्दै वडा स्तरको विकास गर्नका लागि मूलत वडा समितिका सदस्यज्यूहरुको महत्वपूर्ण भूमिका रहन्छ। वडामा रहेका शिक्षण संस्था, गैरसरकारी संस्था, विभिन्न संघ सस्था, समिति र टोल विकास संस्था समेतलाई विकासको मूलधारमा लैजानु आजको प्रमुख आवश्यकता हो भन्ने मलाई लाग्दछ।

**गाउँ सभाको १९ औं अधिवेशनमा उपस्थित गाँउ सभा सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको हाम्रा बीचमा हाल कायम रहेको विद्यमान परिस्थिति,अवसर तथा चुनौतिहरुको विषय प्रस्तुत गर्न गइरहेको छु ।

**(क) विद्यमान परिवेश**

विश्वव्यापीरुपमा फैलिएको विपद्जन्य घटनाहरु तथा अमेरिका र इरान बिच भएको युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचन साथै नेपालमा भएको **जेनजी विद्रोहबाट** समेत नेपाललाई प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभाव पारेको छ । फलस्वरुप बढ्दै गएको आर्थिक मन्दिका कारण आज तीनै तहका सरकारहरुले ल्याएका विकासका कार्यक्रमहरुमा केही न केही असर परेको छ । विशेष गरी संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ । हाम्रो गाउँपालिकामा पनि



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

गत वर्षको तुलनामा यस वर्ष संघीय सरकारबाट प्राप्त सबैखाले अनुदानमा कटौती भएकोले थप दायित्त्व समेत सृजना भएको छ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासोन्मुख मुलकको श्रेणीमा स्तरोन्नती हुन लागेको परिवेशमा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिने लहरबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन ।साथै बसाईं सराइका कारण यस गाउँपालिकाका कतिपय गाउँबस्तीहरू दिन प्रतिदिन सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यसले हामी सबैलाइ गम्भीर बनाएकोछ । यस सन्दर्भमा युवालाई पालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक, सुखी र आनन्दित बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो गाउँपालिकाको समग्र अर्थतन्त्रलाई उत्पादनशील क्रियाकलापमार्फत अगाडि बढाउने तथा भविष्यमा यस पालिकालाई थप संमृद्ध बनाउनको लागि दीर्घकालिन रुपमा बैकुण्ठे सहिद पार्क तथा पाहुना घर, बैकुण्ठे-बासिखोरा-खोक्शिक सडक, ओखे-भुल्के-बैकुण्ठे सडक, भोजपुर सदरमुकाम देखि पालिका केन्द्र-मानेभन्ज्याङ-हतुवागढी हुदैं तराई जोड्ने सडक,दलगाउँ-भुल्के-ओखे-पाप्माखाम भन्ज्याङ सडक, शीत भण्डार, १० बेडको आधारभूत अस्पताल, गाउँपालिकाको प्रशासकीय भवन जस्ता आयोजनालाई यस पालिकाको गौरवको आयोजनाको रुपमा विकास गर्नको लागि संघ, प्रदेश तथा स्थानीय सरकारबाट संयुक्त लगानीको व्यवस्था मिलाउनको लागि एकीकृत योजना कार्यक्रमको अवधारणाको साथ गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिदैं नागरिकहरुको आयस्तरमा क्रमश सुधार ल्याउनु पर्ने अवस्था सृजना भएको छ ।

संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यमा जोड दिदैं प्राप्तहुने समपूरक कोषबाट संचालन गर्ने योजनाको लागि नीतिगत व्यवस्थाको साथ समपूरककोषमा बजेटको सुनिश्चितता गर्दै सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय शासन प्रणालीमा आधारित सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । चालु आ.व. मा यस कार्यालयमा कर्मचारीहरुको समेत पर्याप्त मात्रामा व्यवस्थापन भएको हुँदा कर्मचारीहरुलाई कामप्रति जिम्मेवारी र जवाफदेही बनाउदैं सुशासन कायम गर्नको खातिर नागरिक केन्द्रित भएर मुस्कानसहितको सेवा प्रवाह गर्नु आजको आवश्यकता हो।

**ख. अवसर र चुनौतिहरु**

विद्यमान अवसरहरु

हाम्रा लागि देहायबमोजिम अवसरहरु रहेका छन् ।

१. संविधान प्रदत्त २२ ओटा एकल र १५ ओटा साझा अधिकार क्षेत्र किटान हुनु
२. आफ्ना अधिकारक्षेत्रमा पर्ने विषयमा निरन्तर रुपमा नीतिहरु बन्ने अभ्यास हुनु
३. प्राकृतिक श्रोत साधन जस्तै पानी, वन, ढुंगा, जडिबुटीको प्रचुरता रहनु ।
४. पर्यटकीय दृष्टिले आकर्षक प्राकृतिक र धार्मिक स्थलहरुको प्रचुरता रहनु ।
५. वडा कार्यालय र स्वास्थ्य चौकीजस्ता संस्थाहरुमा भौतिक र सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारको विकास हुनु ।
६. सम्पूर्ण शाखाहरु तथा वडाहरुबाट प्रवाह हुने सेवालाई चुस्तदुरुस्त बनाउनको लागि दरबन्दी पदपूर्त्ति भएको हुनु।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

७. गाउँपालिका क्षेत्रमा सांस्कृतिक विविधता र धार्मिक सहिष्णुताको विद्यमानता रहनु ।
८. सबै वडामा सडक पूर्वाधारको पहुँच रहनु ।
९. विपद्जन्य मनसुनका कारण सडक पूर्वाधारको अवस्था बिग्रिएको खण्डमा ब्याक हो लोडर मेशिन आंफैसंग हुनु
१०. गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई भण्डार र बजारिकरणको लागि शित्त भण्डारण र कृषि एम्बुलेन्सको पहुँच हुनु
११. गाउँपालिका भित्रका गर्भवति महिला,अनाथ असहाय,जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सुविधा सम्पन्न अस्पतालसम्म पुर्याउन दुई वटा एम्बुलेन्सको व्यवस्था हुनु ।
१२. राजनैतिक रुपमा फरक विचारको सम्मानका साथ सहमतिमा निर्णय गर्ने अभ्यास स्थापित हुनु ।
१३. जनप्रतिनिधी र कर्मचारीबीच सौहार्दपूर्ण र विश्वासिलो सम्बन्ध कायम भई समन्वयात्मक ढंगले काम गर्ने वातावरण रहनु ।

**विद्यमान चुनौतिहरु**

हाम्रा लागि देहायबमोजिम चुनौतिहरु रहेको हामीले अनुभूत गरेका छौं ।

१. जनताबाट माग भई आउने योजना र कार्यक्रमलाई आवश्यकता र औचित्यमा आधारित बनाउनु ।
२. निर्माण सम्पन्न भएका भौतिक विकासका संरचनाहरुलाई मर्मत संभार गर्दै पूर्ण क्षमता र दिगो रुपमा सञ्चालनमा ल्याउनु
३. गाउँको कृषि उत्पादनलाई बजारसँग जोड्ने स्थायी प्रणालीको विकास गर्नु ।
४. खानेपानी, आधारभूत शिक्षा र आधारभूत स्वास्थ्यकै अभावको कारणले बसाईंसराई जाने बाध्यताको अन्त्य गर्नु
५. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्दै जलवायु अनुकुलनका अभ्यासलाई स्थानीय रुपमा प्रणालीबद्ध गर्नु ।
६. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहलाई स्थापित गर्न कर्मचारीलाई उत्प्रेरित गर्नु ।
७. संघीय सरकार र प्रदेश सरकारबाट यस पालिकाक्षेत्रमा सञ्चालित भौतिक निर्माणका योजनाहरुमा स्थानीय सरकारको प्रत्यक्ष सहभागिताको सुनिश्चितता गर्नु।
८. समय सापेक्षित जनताको चेतनामा विकास गर्नु।
९. जनता र जनप्रतिनिधिहरु बीचको सम्बन्धलाई अझ सुमधुर बनाउनु।

**ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले तपसिल बमोजिमका कुराहरुलाई प्रमुख आधारको रुपमा लिएको छु ।

१. नेपालको संविधानः यस अन्तरगत विशेष गरी मौलिक हक, स्थानीय कार्यपालिका/व्यवस्थापिका/आर्थिक कार्यप्रणाली, अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका क्रमशः एकल र अन्य तहसँगका साझा अधिकारहरु

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

२. स्थानीय सरकारबाट निर्माण गरिएका आवधिक योजना, रोजगार गुरुयोजना, कृषि रणनैतिक गुरु योजना, सडक गुरु योजना जस्ता नीतिगत दस्तावेजले निर्दिष्ट गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु
३. दिगो विकास लक्ष्यहरु (सन् २०१५-२०३०) लाई स्थानीयकरण गर्ने विषयहरु
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
६. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन,२०७६ नियमावली २०७७
८. राष्ट्रिय योजना आयोगले तयार पारी जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
९. संघ प्रदेश र स्थानीय तहवीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन,२०७७
१०. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२
११. प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
१२. विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४
१३. स्थानीय तहले निर्माण गरेको विभिन्न ऐन, कानुन, कार्यविधीहरु तथा निर्णयहरु
१४. दोस्रो स्थानीय तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरुले जनतासमक्ष प्रस्तुत गरेका घोषणापत्रहरु
१५. गाउँपालिकाका बासिन्दाहरु, उद्योगी व्यावसायीहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, शैक्षिक क्षेत्रमा कृयाशील व्यक्ति व्यक्तित्वहरु, युवा/आमा समूहका प्रतिनिधिहरु र गाउँकार्यपालिकाका कर्मचारीहरुले प्रदान गर्नुभएका अमूल्य सुझावहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई मुख्य आधारको रुपमा लिएको छु।

**सुशासन तथा नागरिक केन्द्रित चालु आ.व. मा केहि महत्वपूर्ण उपलब्धिहरु**

गाउँपालिका भित्र सुरक्षित नागरिक आवास ऐन,२०८२ तथा कार्यविधी कार्यन्वयनमा ल्याई फुसको छानो हटाएर जस्तापाता लगाएको र भुक्तानी लिन बाँकी २१५ जना अन्यन्त न्यून आय भएका गाउँपालिका भित्रको लाभग्राहीहरुको भुक्तानी गर्ने कार्य सम्पन भएको छ।रामप्रसादराई गाउँपालिकाको शिक्षा ऐन २०७९ संशोधन गरी साथै शैक्षिक श्वेत पत्र २०८३ कार्यन्वयन गरी शिक्षा क्षेत्रमा विद्यार्थी, अभिभावक, शिक्षक तथ विद्यालय केन्द्रित महत्वपूर्ण, उत्प्रेरणात्मक र प्रोत्साहनमूखी कार्यक्रम सम्पन गरिएकोछ।संघीय सरकारले २०७६ सालमा गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नै गाउँपालिकाले संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याईएको भएतापनि आगामी दिनमा गाउँपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य यहाँको आवश्यकता र औचित्यको आधारमा पुनरावलोकन तथा निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ। यस गाउँपालिकाले गत आ.व. को राष्ट्रिय प्राकृतिक सोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा भोजपुर जिल्लाको स्थानीय तहहरु मध्ये ७५.६८ अंक प्रास गरी जिल्लामा सर्वोत्कृष्ट गाउँपालिका बन्न सफल भएको छ त्यसै गरी कोशी प्रदेशमा टप ३ भित्र पर्न सफल भएका छौं । महालेखा परीक्षकको कार्यालयबाट प्रकाशन गरिएको ६३ औं प्रतिवेदन अनुसार कम बेरुजु हुने पालिकाहरु मध्ये भोजपुर जिल्लामा पहिलो, कोशी प्रदेशमा टप ३ भित्र रहदैं सुशासनको क्षेत्रमा यो पालिका अब्बल रहन सफल भएको छ ।

**गाँउ सभा सदस्यज्यूहरु,**

अब म आ. व. २०८३/०८४ को प्रमुख नीति तथा कार्यक्रमहरु सभामा प्रस्तुत गर्दछु ।



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

शिक्षातर्फ-

१. **"उत्कृष्टताको कदर उच्च शिक्षामा अवसर"** प्राविधिकधारमा अध्ययन गर्ने उत्कृष्ट जेहेन्दार विद्यार्थीको उच्च शिक्षाको अध्ययनलाई पूर्णता दिई शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्थाबाट मुक्त गर्ने व्यवस्था गरिएको छ।

२. **"सेवा प्रवेशको लक्ष्यमा सरकार त्यही पक्षमा"** लोकसेवा तथा शिक्षक सेवा तयारीलाई उत्कृष्ट बनाई सेवा प्रवेश गर्ने विद्यार्थीको तिव्र ईच्छा र आवश्यकतालाई मध्यनजर गरी निःशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ।

३. **"शैक्षिक श्वेतपत्र २०८३"** को प्रभावकारी रुपमा कार्यन्वयन गर्न पर्याप्तमात्रामा बजेटको व्यवस्था गरिनेछ।

खानेपानी तथा सरसफाइतर्फ

१. खानेपानीको जटिल समस्यामा रहेको वडा नं. ५ मानेभन्ज्याङमा तत्कालिन, अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन समाधानका लागि लिफ्टिङ खानेपानीको संचालन गर्नको लागि कर्मचारीहरुको पारिश्रमिक र विद्युत महशुलको भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ। साथै थप अन्य मुहानहरुको पहिचान गरी खानेपानी व्यवस्थापनको दिर्घकालीन समाधान निकालिनेछ।

भौतिक पूर्वाधारतर्फ

१. संघीय सरकारमार्फत लाभग्राही छनौट भई ८७१ घरधुरीभित्रका सुरक्षित नागरिक (फुसको छानो हटाउने)कार्यक्रम अन्तर्गत जस्तापाता फेर्नको लागि सम्झौता भई काम सम्पन भएकाहरुको लागि संघीय सरकारबाट पर्याप्त मात्रामा शसर्त अनुदान हस्तान्तरण नभएको हुँदा कार्यालयले भुक्तानी दिन नसकेको विद्यमान परिस्थिती सृजना भएको थियो साथै छनौट भएका लाभग्राहीहरु ज्यादैं न्यून आर्थिक अवस्था भएको तथा दुई/तीन वर्ष अगाडी ऋण काडेर जस्तापाता फेरेको हुँदा नागरिकहरुलाई सावाँ र ब्याजको समेत व्यायभार पर्न गएको यथार्थ परिस्थितीलाई मध्यनजर गरी सम्झौता भएका लाभग्राहीहरुले यहि अवस्थालाई हेरेर काम नगरी बाँकी रहेको थियो। यी सबै समग्र परिस्थितीलाई हेरी यस गाउँपालिकाले नागरिकहरुको हितलाई केन्द्रबिन्दुमा राखि आन्तरिक स्रोतबाट भुक्तानी गर्ने व्यवस्था गरी पछि संघिय सरकारबाट सोही शिर्षकमा बजेट विनियोजन गरेपछि सोधभर्ना हुनेगरी पर्याप्त मात्रामा बजेटको व्यवस्था गरिनेछ।

२. संघीय सरकारले आ.व. २०७७/०७८ मा एकमुष्ट रुपमा ३९६ वटा स्थानीय तहहरुको लागि ५/१०/१५ बेडको आधारभूत अस्पतालहरुको सुईच थिचेर शिल्यान्यास गर्दा हाम्रो गाउँपालिकामा समेत १० बेडको आधारभूत अस्पताल निर्माण गर्नको लागि सम्पूर्ण आर्थिक दायित्व संघीय सरकारको हुने गरी तत्कालिन समयमा शिल्यान्यास भई छनौट भएको हुँदा सोहि बमोजिम आ.व. २०८०/०८१ भित्र अस्पतालको लागि जग्गा व्यवस्थापन तथा डिपिआर तयार पार्ने कार्य सम्पन गरी हालको समयमा यस गाउँ कार्यपालिकाको कार्यालयबाट ठेक्का आह्वान भई ४ वर्ष भित्र सम्पन गर्ने गरी कार्य सम्झौता भएको हुँदा संघीय सरकार अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हालको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई बजेट व्यवस्था गरिदिनको लागि आवश्यक पहल गरिनेछ साथै हालको समयमा सो आयोजनाको सुरुवाती चरणको कार्य गर्नको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट केहि बजेट विनियोजन भएकोमा पछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट एकमुष्ट रुपमा बजेट विनियोजन भए पश्चात गाउँपालिकाको संचित कोषमा सोझै सोधभर्ना गरी बाँकी हुन आउने रकम १० बेडको आधारभूत अस्पताल निर्माणको लागि भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ।

३. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा यस पालिकाका मुख्य तथा कृषि सडकहरुलाई स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

४. यस गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको सहिद पार्क तथा पाहुँना घरलाई आ.व. २०८३/८४ को पहिलो त्रैमासिक भित्र पूर्णता दिई सञ्चालनमा ल्याउनको लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाइएको छ।

गाँउ सभा सदस्यज्यूहरु,

अब म आ. व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगतरुपमा तयार गरिएको समग्र नीति तथा कार्यक्रमहरु सभामा प्रस्तुत गर्दछु ।

कृषि तथा पशुपंक्षी

१. **"कृषकको उत्पादनमा स्थानीय सरकारको प्रोत्साहन"** कार्यक्रम अन्तर्गत ओखे र बैकुण्ठेमा रहेको दुई वटा शित भण्डार(कोल्ड स्टोर) सञ्चालन मार्फत प्रचलित खरिद मुल्यमा नाफाको ५० प्रतिशत समेत थप गरी प्रोत्साहन गरिने गरी कार्यविधी समेत स्वीकृत भईसकेको हुनाले पूर्ण सञ्चालन गरी कृषकलाई उत्पादनमा उत्साहित र बजारीकरणको व्यवस्थापन गरिनेछ।

२. मागमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा कृषि सामाग्री तथा औजार वितरण गरिनेछ।

३. रसायनिक मल ढुवानीमा अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।

४. कृषकको बाली संरक्षण गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. बहुवर्षीय फलफूल बिरुवा उत्पादनको लागि नर्सरी स्थापना गरी बाह्य क्षेत्रबाट खरिद गरी ल्याउनु पर्ने परिस्थितिको अन्त्य गरिनेछ।

६. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, शीत भण्डार तथा गोदाम घरहरुको पूर्वाधार कार्यलाई क्रमिक रुपमा अगाडि बढाइने छ ।

७. कृषकहरुलाई उत्पादनको आधारमा प्रोत्साहन गरिनेछ।

८. कृषकहरुलाई व्यावसायिक तालिम नियमित रुपमा प्रदान गरिनेछ । साथै पशु र कृषिको क्षेत्रमा आइपर्ने समस्याहरुलाई स्थलगत रुपमै प्राविधिक पठाएर समाधान गरिनेछ ।

९. सबै वडाहरुका विभिन्न ठाउँको माटो, विज्ञबाट परीक्षण गराई माटोको अवस्थासँग सुहाउने कृषिबाली लगाउन कृषकहरुलाई सहजीकरण र परामर्श प्रदान गरिनेछ।

१०. पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. १० वर्षे दीर्घकालिन कृषि रणनीतिक योजना तर्जुमा भइसकेको हुँदा यसलाई क्रमशः लागु गर्नको लागि आवश्यक व्यवस्था गरिने छ ।

१२. एक वडा, एक उत्पादन तथा एक घर, एक करेसाबारीको नीतिलाई प्राथमिकता दिइनेछ।

१३. पशुपंक्षी पालन जस्तै: कुखुरा, सुगुर, वंगुर, राँगा, बाख्रा, माछा पालन आदिलाई परिणाममुखी व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ।

१४. पशुपंक्षी फर्महरुको पुर्वाधार विकास एवम् सुधार तथा फर्म स्थापना र संचालन गरिनेछ।

१५. कृषि र पशुपालन क्षेत्रमा उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न वार्षिक रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

१६. युवा जनशक्तिलाई प्रविधि, सीप र पुंजी उपलब्ध गराई पशुपालन क्षेत्रमा आकर्षित गर्दै सम्मानित पेशाको रुपमा स्थापित गरिनेछ।



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

१७. निर्वाहमुखी पशुपालनलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गरिनेछ।
१८. कृषकहरुले उत्पादन गरेको पशु र पशुजन्य पदार्थ विक्रिवितरण गर्नको लागि पशु संकलन केन्द्र, दुग्ध संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा विकास गरिनेछ।
१९. कृषि र पशु विमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिदै लगिनेछ।
२०. पशुपंक्षी खोप तथा औषधी सेवाको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
२१. कृषि सहकारी मार्फत सामूहिक खेती प्रणाली विकास गर्न कृषक सचेतना कार्यक्रम संचालन गरिने छ ।
२२. परम्परागत खेती प्रणालीलाई आधुनिकता संगै व्यवसायिक बनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।
२३. फलफूल खेतीका सम्भाव्य क्षेत्रहरु पहिचान गरि पकेट कार्यक्रमलाई थप प्रभावकारी बनाई आत्मनिर्भरता तर्फ बढाइनेछ ।
२४. रैथाने बाली संरक्षण तथा कृषि जैविक विविधता संरक्षणका लागी लोपउन्मुख तथा परम्परागत रुपमा खेती हुँदै आएका वालीहरु लगाउनको लागि किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

पर्यटन

१. नेपाल सरकार, स्वीस सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लागत साझेदारीमा यस गाउँपालिका भित्र पर्ने मुन्धुम पदमार्ग निर्माणको लागि पर्याप्तमात्रामा बजेटको व्यवस्था गरिनेछ।
२. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल निर्माण गर्न प्रारम्भ गरिनेछ।
३. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरुको तयारी र वितरण गरिनेछ।
४. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय भगिनी सम्बन्ध विस्तारको लागि पहल गरिने छ ।
५. गाउँपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा रहेका गुफा, छाँगा, गुराँसे बन, नागी, खर्क र भञ्ज्याङहरु जोडी वृहत् पर्यटन पदमार्ग (Tourism Circuit)निर्माण गरी सोको प्रचारप्रसार गरिनेछ ।
६. हाम्रा प्रकृतिक सम्पदा तथा पर्यटकीय क्षेत्रमा रहेको कला संस्कृतिको संरक्षण गर्दै उक्त क्षेत्रमा आधुनिक कला संस्कृतिको माध्ययमबाट थप शोभायमान बनाउनको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।
७. पाक्माखाम गढी संरक्षण,गोल्मे नागछाँगा, गंगाखोला,भुल्के सिमसार क्षेत्र, डाग्बुङ पदमार्ग,पखुवा देवीथान, चुलाचुली गुफा, गुसेश्वर महादेव, बेहेरेश्वर धाम,हिमाङ देवीथान तथा अन्य मठमन्दिर, गुम्बा, मस्जिद चर्च आदि क्षेत्रको संरक्षण र सम्वर्द्धन गरिनेछ।
८. किरातीहरुको साकेला/ साकेन्वा शिलीहरुको संरक्षण र ती स्थलहरुमा पार्कको स्थापना गरिनेछ।
९. पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माणाधिन पार्कहरुलाई निरन्तरता दिदै लगिनेछ।
१०. **"हाम्रो माटो, हाम्रो ठाउँ, हामी बनाउछौ नमुना गाउँ"** कार्यक्रम लाई निरन्तर अगाडि बढाउदै एक वडा एक नमुना गाउँ निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।
११. यस पालिकाको दिगो विकासमा जोड दिदै पालिकासंग सम्वद्ध विषयमा अध्ययन गर्नुपर्ने विषयको लागि नमूना पर्यापर्यटनको विकासमा अगाडि बढेका स्थानीय तहमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

सहकारीतर्फ

१. यस गाउँपालिकामा स्थापित सहकारी संस्थाहरुको व्यवस्थित अभिलेखिकरण गरी सहकारीको लागि सहकारी व्यवस्थापन र आधारभूत लेखापालन सम्बन्धी तालिम प्रदान गरिनेछ ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बीउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।
३. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी तथा साझेदारी कृषि फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

जलश्रोत तथा सिँचाईतर्फ

१. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको पहिचान, संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
२. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउने योजना तथा कार्यक्रमको लागि एक टोल एक पोखरीको निर्माण अभियानको प्रारम्भ गरिनेछ।
३. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ

वनतर्फ

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
२. कमजोर भूबनोट, पानीको मुहान र जडिबुटीयुक्त जंगल भएको ठाउँमा भौतिक निर्माण गर्नुपर्दा पर्याप्त अध्ययन गरेर लाभ लागत विश्लेषणपछि उपयुक्त हुने अवस्थामा मात्र काम अगाडि बढाइनेछ ।
३. वन क्षेत्रको दिगो विकासको लागि सामुदायिक वन उपभोक्ता समूह मार्फत सचेतनामूलक कार्य ल्याइने छ ।
४. सामुदायिक वनले गरेका वन व्यवस्थापनका प्रयास र सामुदायिक वनले गरेका आम्दानी र खर्चको हिसाबलाई गाउँपालिकामा निरन्तर अभिलेखमा ल्याउदै स्थानीय सरकार र सामुदायिक वन बीचको सहकार्यमा पूर्वाधार निर्माणको काम गरिनेछ ।

रोजगार तथा उद्यमशीलतातर्फ

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम साझेदारीमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।
२. उद्यमशीलता विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

उद्योग तथा वाणिज्यतर्फ-

१) स्थानीय तहमा व्यवसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने व्यवस्था गरिने छ ।
२) गाउँपालिका क्षेत्रमा रहेका होटल, पसल, आवधिक रुपमा लाग्ने हाटबजारलाई व्यवस्थित गरी करको दायरामा ल्याइनेछ र व्यापारिक फर्महरुको अनिवार्य रुपमा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

३) अन्य नियामक निकायहरुको सहयोग र समन्वयमा बजार अनुगमनलाई नियमित गरिनेछ ।

४) हस्तकला सम्बन्धी ढाका बुनाई, चोयाको डोका, नाम्लो, डालो तथा अन्य वस्तुहरु उत्पादनमा जोड दिइनेछ

५) उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

६) महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरी घरैमा बसेर सञ्चालन गर्न सकिने सानासाना उद्योगलाई प्राथमिकता दिइनेछ ।

७) साना उद्योगको स्थापना रोजगारीको सिर्जना कार्यक्रमको शुरुवाती गरिने छ ।

**शिक्षातर्फ- "शैक्षिक गुणस्तर सुनिश्चितताको आधारःआ-आफ्नो ठाउँबाट गरौं असल अभ्यास, प्रयास र सुधार"**

१. **"उत्कृष्टताको कदर उच्च शिक्षामा अवसर"** प्राविधिकधारमा अध्ययन गर्ने उत्कृष्ट जेहेन्दार विद्यार्थीको उच्च शिक्षाको अध्ययनलाई पूर्णता दिई शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्थाबाट मुक्त गर्ने व्यवस्था गरिएको छ।

२. **"सेवा प्रवेशको लक्ष्यमा सरकार त्यही पक्षमा"** लोकसेवा तथा शिक्षक सेवा तयारीलाई उत्कृष्ट बनाई सेवा प्रवेश गर्ने विद्यार्थीको तिब्र ईच्छा र आवश्यकतालाई मध्यनजर गरी निःशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ।

३. **"शैक्षिक श्वेतपत्र २०८३"** को प्रभावकारी रुपमा कार्यन्वयन गर्न पर्यासमात्रामा बजेटको व्यवस्था गरिनेछ।

४. गाउँपालिकाभित्रका सबै तहका शिक्षकहरुमध्ये निश्चित मापदण्डको आधारमा प्रत्येक शैक्षिक सत्र सुरु भएको पहिलो त्रैमासिक भित्र १० जना उत्कृष्ट शिक्षक छनौट गरी नगद १० हजार सहित सम्मान तथा प्रोत्साहन गरिनेछ।त्यसैगरी एक जना सर्वोत्कृष्ट शिक्षकलाई एक थान ल्यापटप सहित सम्मान तथा प्रोत्साहन गरिनेछ।

५. एस.ई.ई. मा साधारणधारतर्फ पालिका प्रथम हुने एक छात्र र एक छात्रालाई प्रोत्साहन स्वरुप एक-एक थान ल्यापटप प्रदान गरिनेछ।

६. श्री पञ्चकन्या माध्यमिक विद्यालय, भुल्केबाट प्राविधिकधारतर्फ कक्षा १२ मा A+ ग्रेड (३.९ जि.पि.ए.) माथि लिएर उत्तीर्ण गरेका गरिब तथा जेहेन्दार विद्यार्थीहरु मध्ये उत्कृष्ट दुई जनालाई बाली विज्ञानतर्फ स्नातक तह अध्ययन गर्नको लागि लाग्ने शुल्क गाउँपालिकाले व्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ।

७. यस गाउँपालिका स्थायी ठेगाना भएका र सरकारी स्रोतबाट कुनै पनि लाभ नलिएका भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको लागि स्नातक तथा स्नातकोत्तर अध्ययन गर्दा लागेको मासिक शुल्क गाउँपालिकाले व्यहोर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८. श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटेमा माध्यमिक शिक्षा परीक्षा(एस.ई.ई) उत्तीर्ण गरी थप प्राविधिक विषय अध्ययन गर्न चाहाने विद्यार्थीहरुको लागि प्रत्येक वडा-वडाबाट २ जनाको दरले जम्मा १६ जना वा प्रत्येक वडाबाट २ जनाको दरले अध्ययन गर्ने विद्यार्थी सम्भव नभएमा समग्रमा १६ जनाको लाग्ने शुल्क गाउँपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ।

९. विद्यालय सुधार योजना तयार गरी कार्यन्वयन गरिनेछ।

१०. शिक्षासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको शैक्षिक गुणस्तरलाई प्रवर्द्धन गर्नको लागि अर्धवार्षिकरुपमा शिक्षक,अभिवाक र विद्यार्थी बीच छलफल तथा अन्तरक्रिया कार्यको थालनि गरिने छ ।

११. कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरीय रुपमा संचालन गरी उत्कृष्ट नतिजा ल्याउने एक-एक जना छात्र र छात्रालाई नगद १० हजार सहित प्रोत्साहन तथा सम्मान गरिने छ ।



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

१२. विद्यालयस्तरमा त्रैमासिक शैक्षिक प्रतिस्पर्धी कार्यक्रम सञ्चालन साथै पालिकास्तरमा प्रतिभा पहिचान र उत्कृष्टताको सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

१३. गाउँपालिका भित्रको साधारणधारतर्फ सामुदायिक विद्यालयहरुबाट कक्षा १२ मा उत्तीर्ण विद्यार्थीहरुमध्ये उत्कृष्ट अंक प्राप्त गर्ने एक-एक जना छात्र-छात्रालाई नगद १० हजार सहित सम्मान गरिनेछ।

१४. गाउँपालिकाको **स्थानीय पाठ्यक्रम** पूर्ण रुपमा लागु गरिनेछ।

१५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरु तथा उत्कृष्ट विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षको समेत शैक्षिक क्षमता विकासको लागि तालिम, अवलोकन भ्रमण, अनुभव आदानप्रदान जस्ता कृयाकलापमा बजेट विनियोजन गरिनेछ।

१६. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१७. गाउँ शिक्षा समितिको सिफारिसमा दरबन्दी मिलान गरिसकेपछि पनि शिक्षक संख्या कम देखिएका विद्यालयमा मात्र प्रतिस्पर्धाको आधारमा स्वयंसेवक शिक्षक नियुक्त गरी राजस्व बाँडफाँड र आन्तरिक आम्दानीको रकमबाट उनीहरुलाई पारिश्रमिक भुक्तानी गर्ने नीति लिइनेछ ।

१८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१९. सबै विद्यालयहरुमा क्रमिक रुपमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

२०. कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको सिकाई सक्षमता अभिबृद्धि गर्नको लागि अंग्रेजी, विज्ञान र गणित विषयको कम्तिमा तीन महिना थप अत्तिरिक्त कक्षा सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२१. कक्षा ६ देखि कक्षा १० सम्मका विद्यार्थीहरुका लागि सिकाई सक्षमता अभिबृद्धि गर्ने हेतुले प्रत्येक महिना गणित, विज्ञान र अंग्रेजी विषयको पढाईमा भएको विद्यार्थीहरुको बुझाई मापन गर्न आन्तरिक परीक्षा लिई तत्कालै नतिजा र पृष्ठपोषण दिने कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२२. प्रधानाध्यापकहरुको लागि हाल भइरहेको प्र.अ. भत्तामा ३ गुणा वृद्धि गर्नको लागि बजेटको सुनिश्चित्तालाई निरन्तरता दिइनेछ ।

२३. सरकारी स्रोतबाट कुनै पनि लाभ नलिएका नेपालको विश्वविद्यालयबाट P.H.D गर्न चाहने यस गाउँपालिका भित्र वसोवास गर्ने विद्यार्थिको लागि कलेज शुल्कको व्यवस्था मिलाइने छ ।साथै यस अगाडी नै PHD को अध्ययन पुरा गरेको भए उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

२४. बान्तवा भाषाको पाठ्यक्रम तोकिएको विद्यालयमा लागु गरिनेछ।

२५. प्रविधि मैत्री शिक्षक एवं विद्यार्थी तथा विद्यालय शैक्षिक सुधार कार्यक्रम लाई अगाडि बढाउनको लागि स्मार्ट बोर्डको व्यवस्थापनमा बजेटको सुनिश्चितता गर्दै लगिने छ ।

२६. आवश्यकता अनुसार विद्यालय मर्ज गरी केही विद्यालयमा नमुना अभ्यासको रुपमा अंग्रेजी भाषाबाट शिक्षण गर्ने गराउने व्यवस्थाको शुरुवात गरिने छ ।

२७. स्वयंसेवक शिक्षक, बालविकास सहजकर्ता, लेखाको कर्मचारी तथा कार्यालय सहयोगीहरुको गत आ.व.मा भएको तलव भत्तामा वृद्धिलाई निरन्तरता प्रदान गरिने छ ।

२८. विद्यालयमा स्यानिटरी प्याडको अभाव हुन नदिई भेन्डिङ मेशिन मार्फत प्रयोगलाई सरलिकृत र प्रविधिमैत्री बनाइने छ ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

## युवा तथा खेलकुदतर्फ

१. खेलकुदको क्षेत्रमा लाग्ने युवाहरुलाई खेलकुदको क्षेत्रमा नै स्थापित गर्ने हेतुले सबै किसिमको खेलकुद कार्यक्रम सञ्चालन गर्न तथा बाहिर खेल्न जाने खेलाडीहरुको लागि आर्थिक सहायता गर्न साथै खेलकुद मैदानको पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान सीप अनुभव र दक्षतालाई अधिकतम सदुपयोग गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

३. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

४. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. गाउँपालिकाको केन्द्र बैकुण्ठेमा बहुउद्धेश्य व्याटमिन्टन कबडहल निर्माण गरिनेछ।

७. प्रत्येक वडामा एक- एक ठाउँमा खुला व्यायामशाला क्रमिक रुपमा स्थापना गरिनेछ ।

८. विपन्न र गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक सामग्री मर्मत, सिकर्मी/डकर्मी तालिम, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरणतर्फ

१. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील तथा रोजगारी र आम्दानी वृद्धि गर्ने गराउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

२. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न चाहेमा साझेदारीमा पूँजी लगानी सहयोग गरिनेछ भने आरनको काम गर्ने विश्वकर्मा दलित समुदायको लागि आरनसंग सम्बन्धित काममा शत प्रतिशत अनुदानको व्यवस्था मिलाइने छ ।

३. जातीय भेदभाव तथा छुवाछुत मूक्त पालिका निर्माण गर्दै जातीय भेदभावको अन्त्य गरिने छ ।

४. टोल विकास संस्थाहरुलाई समावेशी बनाई बिकासका कार्यक्रमहरुमा सहभागी गराईनेछ।

५. अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनमा थप टेवा पुर्याउन बिउँपूजि तथा आर्थिक सहायताका लागि आवस्यक व्यवस्था गरिनेछ।

६. ज्येष्ठ नागरिक परिचयपत्र र सामाजिक सुरक्षा भत्ता वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. ८० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिकहरुको लागि घरदैलोमै प्राथमिक स्वास्थ्य चेकजाचँ तथा स्वास्थ्योपचारको व्यवस्था मिलाईनेछ।

८. **"हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

९. बालमैत्री स्थानीय शासनको लागि आवश्यक नीति लिइने छ ।

१०. बालविकास केन्द्रहरुको स्तरोन्नति गरिनेछ।



रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

११. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा समाजिक सशक्तिकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातवरण सुनिश्चत गरिने छ ।

१२. भौतिक संरचना, यातायात सेवा, सुविधा, साधन श्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपाङ्गता *भएका व्यक्तिहरुलाई समुदाय वा समाजमा प्रभावकारी* रुपमा समावेशीकरण गरिने छ।

१३. अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सेवा सुबिधा सहितको आवासीय एवं अल्पकालीन पुनर्स्थापना र स्वास्थ्य उपचार लगायतका आवश्यक्ता अनुसारको सहायक सामग्रीको व्यवस्थापन गरिने छ ।

१४. वाल विकास केन्द्रहरुमा अपाङ्गतामैत्री खेल तथा मनोरञ्जनका सामाग्रीको व्यवस्था गरिने छ ।

१५. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१६. मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

स्वास्थ्यतर्फ

१. गर्भवती महिलाहरुको लागि **आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

२. यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्दै लैजाने साथै आवश्यक्ता अनुसार दक्ष जनशक्तिहरुको संख्या वृद्धि गर्दै लगिने छ ।

३. स्वास्थ्य चौकीहरु तथा बर्थिङ्ग सेन्टरहरुमा आवश्यक पर्ने औषधी तथा उपकरणहरुको अधिकतम व्यवस्था गरि नियमित गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्ता मिलाइने छ ।

४. यस गाउँपालिकाका प्रत्येक वडाहरुमा विशेषज्ञ डाक्टरहरुको सेवा पुर्याउन विशेषज्ञ डाक्टरहरुको टोली सहितको स्वास्थ्य शिविर आयोजना गरि जनताको घरदैलो मै सेवा पुर्याउने कामको थालनि गरिने छ ।

५. पूर्ण खोप सुनिश्चित कार्यक्रमलाई जोड दिंदै जन्मदर्ता गर्दा तथा विद्यालयमा भर्ना हुँदा खोप कार्डलाई अनिवार्य गर्ने नीति लिइने छ ।

६. बर्थिङ्ग सेन्टरहरुबाट जटिल प्रकृतिका गर्भवती तथा सुत्केरीहरुलाई रेफर गर्दा लाग्ने एम्बुलेन्स खर्च निशुल्क गरिने छ ।

७. गम्भिर प्रकृतिको रोगका लागि दिइदै आएको आर्थिक सहयोगमा गत आर्थिक वर्षको तुलनामा ५० प्रतिशत वृद्धि गर्नको लागि बजेटको सुनिश्चितता गरिने छ ।

८. बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीहरुले दिने सेवाको क्रमिक रुपमा स्तरोन्नति गर्नुका साथै प्रबिधिमैत्री बनाईनेछ ।

९. प्रत्येक स्वास्थ्य चौकीमा अक्सिजन कन्सन्ट्रेटरको व्यवस्थाको सुनिश्चित गरिने छ ।

१०. आर्थिक रुपमा अति विपन्न गाउँपालिकाबासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

११. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। उनीहरुको लागि गाउँपालिकाले थप गरेको सेवासुविधालाई निरन्तरता दिइनेछ ।

१२. स्वास्थ चौकीहरुमा आधुनिक ल्याव सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१३. समुदायमा आधारित स्वास्थ्य वीमा कार्यक्रम यस गाउँपालिकाका सबै वडामा पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

१४. सूर्तीजन्य पदार्थमा नियन्त्रण गर्नका लागि समूदायस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

१५.स्थानीय सरकारबाट संचालित कार्यक्रमहरुमा कोक, फ्यान्टा र ड्यूजस्ता हानिकारक हलुका पेय पदार्थहरुको प्रयोग पूर्ण रुपमा बन्देज गरिने कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ।

**खानेपानी तथा सरसफाइतर्फ**

१.खानेपानीको जटिल समस्यामा रहेको वडा नं. ५ मानेभन्ज्याङमा तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि लिफ्टिङ खानेपानीको संचालन गर्नको लागि कर्मचारीहरुको पारिश्रमिक र विद्युत महशुलको भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ। साथै थप अन्य मुहानहरुको पहिचान गरी खानेपानी व्यवस्थापनको दिर्घकालीन समाधान निकालिनेछ।

२. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियालीयुक्त, सुन्दर र सफा राख्ने कार्य गरिनेछ।

३. एन वास प्रतिवेदनको अध्ययन गरी खानेपानी र सरसफाई व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाईनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।

६. गाउँपालिकाभित्र खानेपानीको समस्या दीर्घकालिन रुपमा समाधान गर्न गोर्खा वेलफेयर ट्रष्टलगायत अन्य विकास साझेदारको आर्थिक सहयोगमा आवश्यक व्यवस्थापन गरिनेछ ।

७. स्वच्छ एवम् गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी गरी सोको संरक्षण, सार्वजनिक स्थानमा धारा जडान गरी पर्याप्त खानेपानीको आपूर्तिको व्यवस्था मिलाइनेछ।

८. खानेपानी विस्तृत परियोजना प्रतिवेदन बनाई समग्र गाउँपालिका बासीहरुको घर-घरमा खानेपानी पुऱ्याउने तथा हाल संचालित तथा बन्दै गरेका खानेपानी आयोजनाहरुलाई थप बजेट गरी व्यवस्थित गरिनेछ।

९. बजार क्षेत्रभित्र जथाभावी फोहोर गर्ने/गराउनेलाई दण्ड तथा जरिवानाको दायराभित्र ल्याइनेछ।

१०. **"आफ्नो ठाउँ, आफै सफा गरौं"** अभियान सञ्चालन गरी गाउँपालिका भित्रको सबै टोल, बस्ति, संस्था, विद्यालय तथा कार्यालयहरु सुन्दर र सफा राखिनेछ।

११. **"स्वच्छ खानेपानी, स्वस्थ जिन्दगानी"** कार्यक्रम अन्तरगत एक घर एक धारा र एक घर एक स्वस्थकर चर्पीको नीति लिईनेछ।

१२. नियमित सरसफाई गर्ने तथा मध्यपान धुम्रपान पूर्ण रुपमा नगर्ने घरको सर्वेक्षण गरी उचित पुरस्कारको व्यवस्था गर्ने कामलाई निरन्तरता दिइने छ ।

**भाषा तथा संस्कृतितर्फ**

१. विभिन्न जातजाति तथा आदिवासीहरुको मौलिक र परम्परागत चाड, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गर्दै रैथाने कला साहित्यको संरक्षण गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाको पालिका गीतलाई गाउँपालिका भित्र हुने सबै गाउँपालिका मातहतको कार्यालय तथा संस्थाहरुमा हुने औपचारिक कार्यक्रम तथा विद्यालय तहमा अनिवार्य रुपमा लागु गरिनेछ।

३. गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

४. किराँती भाषाको बढी प्रचलन भएको यस पालिकामा उक्त भाषाको इतिहास अध्ययन र विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५. समाजमा ज्ञानको स्रोतको रुपमा रहेका व्यक्तिहरु जस्तै (विजुवा,धामी, जोगी,वैद्य,लामा) हरुलाई समय सापक्ष बनाउनको लागि विज्ञानसंग जोड्दै आवश्यक तालिमको व्यवस्था मिलाइने छ ।

६. अतिथिहरुको लागि स्वागत सम्मानमा गरिने खर्चमा रोक लगाउदै उक्त रकमबाट **सरकार आउ आमा बचाउ** कार्यक्रम संचालन गरिने छ ।

**भौतिक पूर्वाधार विकासतर्फ**

१. संघीय सरकारमार्फत लाभग्राही छनौट भई ८७१ घरधुरीभित्रका सुरक्षित नागरिक (फुसको छानो हटाउने)कार्यक्रम अन्तर्गत जस्तापाता फेर्नको लागि सम्झौता भई काम सम्पन भएकाहरुको लागि संघीय सरकारबाट पर्याप्त मात्रामा शसर्त अनुदान हस्तान्तरण नभएको हुँदा कार्यालयले भुक्तानी दिन नसकेको विद्यमान परिस्थिती सृजना भएको थियो साथै छनौट भएका लाभग्राहीहरु ज्यादैं न्यून आर्थिक अवस्था भएको तथा दुई/तीन वर्ष अगाडी ऋण काडेर जस्तापाता फेरेको हुँदा नागरिकहरुलाई सावाँ र ब्याजको समेत व्यायभार पर्न गएको यथार्थ परिस्थितीलाई मध्यनजर गरी सम्झौता भएका लाभग्राहीहरुले यहि अवस्थालाई हेरेर काम नगरी बाँकी रहेको थियो। यी सबै समग्र परिस्थितीलाई हेरी यस गाउँपालिकाले नागरिकहरुको हितलाई केन्द्रबिन्दुमा राखि आन्तरिक स्रोतबाट भुक्तानी गर्ने व्यवस्था गरी पछि संघिय सरकारबाट सोही शिर्षकमा बजेट विनियोजन गरेपछि सोधभर्ना हुनेगरी पर्याप्त मात्रामा बजेटको व्यवस्था गरिनेछ।

२. संघीय सरकारले आ.व. २०७७/०७८ मा एकमुष्ट रुपमा ३९६ वटा स्थानीय तहहरुको लागि ५/१०/१५ बेडको आधारभूत अस्पतालहरुको सुईच थिचेर शिल्यान्यास गर्दा हाम्रो गाउँपालिकामा समेत १० बेडको आधारभूत अस्पताल निर्माण गर्नको लागि सम्पूर्ण आर्थिक दायित्व संघीय सरकारको हुने गरी तत्कालिन समयमा शिल्यान्यास भई छनौट भएको हुँदा सोहि बमोजिम आ.व. २०८०/०८१ भित्र अस्पतालको लागि जग्गा व्यवस्थापन तथा डिपिआर तयार पार्ने कार्य सम्पन गरी हालको समयमा यस गाउँ कार्यपालिकाको कार्यालयबाट ठेक्का आह्वान भई ४ वर्ष भित्र सम्पन गर्ने गरी कार्य सम्झौता भएको हुँदा संघीय सरकार अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हालको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयलाई बजेट व्यवस्था गरिदिनको लागि आवश्यक पहल गरिनेछ साथै हालको समयमा सो आयोजनाको सुरुवाती चरणको कार्य गर्नको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट केहि बजेट विनियोजन भएकोमा पछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट एकमुष्ट रुपमा बजेट विनियोजन भए पश्चात गाउँपालिकाको संचित कोषमा सोझै सोधभर्ना गरी बाँकी हुन आउने रकम १० बेडको आधारभूत अस्पताल निर्माणको लागि भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ।

३. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा यस पालिकाका मुख्य तथा कृषि सडकहरुलाई स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

४. यस गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको सहिद पार्क तथा पाहुँना घरलाई आ.व. २०८३/८४ को पहिलो त्रैमासिक भित्र पूर्णता दिई सञ्चालनमा ल्याउनको लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाइएको छ।

५. यस गाउँपालिकाको अघिल्लो सरकारले गौरवको आयोजनाको रुपमा निर्माण शुरुवात गरेको गाउँपालिकाको प्रशासकिय भवन आ.व. २०७८/०७९ देखि निर्माण व्यवसायिले अलपत्र पारेको अवस्थामा चा.लु आ.व. को मिति २०८२।०४।२१ गते ठेक्का सम्झौता तोडि कार्वाहीका लागि सिफारिस गरिएको थियो।सो



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

विषयमा निर्माण व्यवसायीको तर्फबाट उच्च अदालत पाटनमा मुद्धा दर्ता भई स्थानीय सरकारको पक्षमा फैसला भएको थियो। हाल श्री नेपाल मध्यस्थता परिषद(नेप्का) र सर्वोच्च अदालतमा समेत उक्त आयोजनाको सम्बन्धमा मुद्धा विचाराधिन आवस्थामै रहेको हुँदा सो मुद्धा किनाराकृत हुनेबितिकै उक्त प्रशासकीय भवन निर्माण प्रक्रियालाई पुनःठेक्का आह्वान गरी निर्माण कार्यलाई अगाडी बढाईनेछ।

६. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

७. दीर्घकालिन लगानी मार्गदर्शनका लागि तयार गरिएको **गाउँपालिकाको सडक गुरुयोजना** अनुसारको कार्यक्रम ल्याइनेछ।

८. नयाँ बाटोको ट्र्याक खोल्ने गरी बजेट विनियोजन गर्नुपर्ने अवस्था आएको खण्डमा कार्यपालिकाबाट स्वीकृत गरी अगाडि बढ्ने नीति लिइने छ ।

९. हाल सञ्चालनमा रहेका सडकहरुलाई सबै मौसममा सञ्चालन हुने गरी मर्मत सम्भार (मेशिनरी वाल निर्माण, जालीमा ढुंगा भर्ने, सोलिङ, ढलान आदि) को लागि बजेट को सुनिश्चितता गरिने छ ।

१०. कार्यालयले आफ्नै ब्याक हो लोडर मेशिनको व्यवस्था गरिसकेको हुँदा सडक मर्मत तथा सरसफाइ गर्नको लागि ब्याक हो लोडर मेशिनको प्रयोग गर्दै मूख्य तथा सहायक सडकमा आवश्यकता र औचित्यताको आधारमा मर्मतसम्भार कार्यलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१२. संघीय र प्रादेशिक सरकारका योजना तथा कार्यक्रमहरुमा दोहोरोपन हुन नदिन समन्वयात्मक भूमिका निर्वाह गरिनेछ।

**सूचना तथा संचारतर्फ**

१. स्थानीय सरकारको सकारात्मक गतिविधिहरु जनस्तरसम्म प्रवाह गर्न र धार्मिक तथा पर्यटकिय क्षेत्रहरुको प्रचारप्रसारको लागि एनटिभि ईटहरी लगायत अन्य सञ्चार माध्यमसँग सहकार्य गरिनेछ।

२. खोज पत्रकारिता गर्ने स्थानीय पत्रकारलाई सम्मान गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

५. स्वच्छता,पारदर्शिता,निश्पक्षता र जबाफदेहिता बनाउन वडा वडाबाट गरिदै आएको सार्वजनिक सुनुवाई कार्यक्रमलाई सबै वडामा पुर्याउनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

६. गाउँपालिका मातहतको सबै कार्यालयहरु तथा विद्यालयहरुमा आवश्यक इन्टरनेटको क्षमता विस्तार गरिनेछ।

७. पालिका तथा मातहतका कार्यालयमा ई-हाजिरीको व्यवस्था पूर्ण रुपमा लागु गरिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

ऊर्जातर्फ

१. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित विद्युत आपूर्तिको लागि आवश्यक समन्वय गरिनेछ।

न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धनतर्फ

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. अनलाईन न्याय सेवा प्रदान गर्ने उद्धेश्यले भोजपुर जिल्ला अदालतलाई अनलाईन बहस, भिडियो कन्सरेन्सिङ, लाईभ स्ट्रिमिङमार्फत साक्षी तथा विशेषज्ञको वकपत्र कार्यक्रमको लागि स्मार्ट डिजिटल डिस्प्लेको आवश्यक प्रक्रिया पुरा गरी हस्तान्तरण गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी **स्थानीय कानून संग्रह प्रकाशन** गरिनेछ।

४. वडाहरुमा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

५. समतामूलक एवं समृद्ध समाजको परिकल्पनाको साथ सभ्यसमाज निर्माणको लागि अगाडि बढेको न्यायिक समितिलाई आगामी दिनमा थप सचेतनामूलक कार्यक्रम प्रस्तुत गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ।

सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकासतर्फ

१. पालिकाभित्र गठित सम्पूर्ण टोल विकास संस्थाहरुको वार्षिक अडिट र नविकरणको दायित्व स्थानीय सरकारले व्यहोरिने व्यवस्था मिलाईनेछ।

२. करदाता सम्बन्धि सेवा र भूमि प्रशासन सम्बन्धि सेवा यस गाउँपालिकामा नै सञ्चालन गरी सदरमुकाम सम्म गएर लिनु पर्ने सेवा स्थानीय सरकारबाट नै प्रदान गरिनेछ।

३. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा स्थानीय तहको सुरुवाती चरणबाट बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई अभियान वर्षको रुपमा अगाडि बढाईनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संसाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

७. भ्रष्टाचारमुक्त पालिका अभियान अन्तर्गत भ्रष्टाचार हाम्रो शत्रु हो भ्रष्टाचार गर्नु अपराध हो भन्ने मान्यतालाई स्थापित गर्नको लागि जनचेतनामूलक कार्यक्रमको संचालन गरिने छ ।

८. कर्मचारीहरुलाई संधै एक ठाउँमा मात्र बसेर काम गर्नुपर्दा हिनताबोध उत्पन्न भइ कमजोर सेवाप्रवाह हुनसक्ने परिस्थितिलाई मध्यनजर गरी कर्मचारीहरुको मनोबल उच्च राख्नको लागि कम्तिमा २ वर्षसम्म एउटै वडामा कार्यरत कर्मचारीहरुलाई आवश्यकताको आधारमा पालिका केन्द्र वा अर्को वडामा कामकाजमा खटाउने व्यवस्था मिलाइने छ ।



रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

९. प्रशासनिक संयन्त्रको उत्प्रेरणाको लागि संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपूरकका रुपमा कर्मचारीहरुको मनोबल उच्च राख्न प्रोत्साहन भत्ता, खाजा भत्ता, पर्यटन भ्रमण काज, पुरस्कार जस्ता अन्य सुविधाहरु कार्यविवरण, कार्यसम्पादन, आवश्यकता र उपलब्धता अनुसार प्रदान गर्ने नीति लिइनेछ।

१०. गाउँपालिका तथा मातहतका कार्यालयको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन आवश्यक ठाउँमा क्रमिक रुपमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

११. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन **मध्यमकालिन खर्च संरचना (MTEF)** पद्धति तयार गरिसकेको हुँदा उक्त नीतिगत दस्तावेजलाई प्रयोगमा ल्याइने छ।

१२. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई निजी मोटरसाईकल चलाउनको लागि प्रोत्साहित गर्दै कार्यालयको स्वामित्वमा रहेका मोटर साईकल संचालन गरेको अवस्थामा मोटर साईकलको अवस्था हेरी मर्मत खर्च बापत वार्षिक बजेट सीमा निर्धारण गर्ने, तोकिएको बजेट सीमा भन्दा माथि लागेको खर्च सम्बन्धित पक्षलेनै व्यहोर्नु पर्ने जसबाट आर्थिक मितव्ययिता रही सुशासन कायम गर्न मद्दत मिल्ने आशा राखेको छु ।

१३. कार्यालयमा रहेका पुराना मोटर साईकलहरु मर्मत पछि सञ्चालन ल्याउन नसकिने वा बढी खर्च लाग्ने प्रकृतिको मोटर साईकलहरुलाई आवश्यक प्रक्रिया पुरा गरी लिलाम बिक्री गर्ने साथै आवश्यकताको आधारमा नयाँ मोटर साईकल खरिद गरी आर्थिक मितव्ययिता कायम गरिनेछ।

१४. सेवा तथा परामर्श खरिद आवश्यकताको आधारमा गरिनेछ।

१५. **स्थानीय सरकारसंग जनता के भन्न चाहान्छन?** भन्ने कार्यक्रम टोल, बस्ती तथा विद्यालयस्तरमा समेत संचालन गरिनेछ।

१६. स्थानीय सरकारको आयोजनामा संचालित योजना/ कार्यक्रमहरुको लागि वडातहमा नै भुक्तानी शिविर सञ्चालन गरी भौगोलिक कठिनाईको कारण सेवा प्रवाहमा हुने असहजताको न्यूनिकरण गरिनेछ।

**जलवायु परिवर्तन अनुकूलन/न्यूनिकरण तथा विपद् व्यवस्थापनतर्फ**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि **प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)** साथै आवश्यकताको आधारमा विस्तृत परियोजना प्रतिवेदन समेत तयार गरिनेछ।

२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

४. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

५. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

६. संवेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

७. नेपाल जलवायु नमुना कार्यक्रमबापत प्राप्त बजेटलाई स्थानीय अनुकूलन कार्ययोजना अनुसार सञ्चालन गरिने छ ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

राजस्व तथा आन्तरिक श्रोत परिचालनतर्फ

१. आन्तरिक राजश्व वृद्धिका लागि गाउँपालिकाको **राजस्व सुधार योजना** लाई कार्यान्वयनमा ल्याइने छ।
२. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।
३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु जस्तै सामुदायिक वनको आम्दानी, ढुंगा/बालुवा ठेक्का, सार्वजनिक यातायात, गोलिया काठ निकासी तथा निकासीको लागि प्रयोग भएका हेभी गाडीका कारण बिग्रिएको सडक मर्मतको लागि पूर्वाधार विकास शुल्क जस्ता क्षेत्रको पहिचान गरी सो क्षेत्रबाट कर संकलन गरिनेछ ।
४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनलाई प्रभावकाकरी बनाई त्यस्तो क्षेत्रलाई आन्तरिक आम्दानीको प्रमुख श्रोतको रुपमा प्रयोगमा ल्याइनेछ ।
५. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

अन्त्यमाः-

नीति तथा कार्यक्रम तयार गर्ने क्रममा प्रत्यक्ष—अप्रत्यक्षरुपमा सल्लाह सुझाव प्रदान गरी सहयोग पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि साथीहरु, स्थानीय राजनीतिक दलको प्रतिनिधिज्यूहरु, राष्ट्र सेवक कर्मचारी तथा शिक्षकज्यूहरु, किसान, उद्योगी व्यवसायी, टोलविकास तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत आम गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । रामप्रसादराई गाउँपालिकाको विकासमा निरन्तर सहयोग पुर्याउदैं आएका सम्पूर्ण विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यो नीति तथा कार्यक्रम संगै आउने बजेटको सही कार्यन्वयन भएमा मात्र पालिकाले सार्थकता पाउँछ भन्नेमा म विश्वस्त रहेको छु, त्यसैले यस नीति तथा कार्यक्रमलाई सफल बनाउने हाम्रो प्रयासमा तपाईंहरुको पनि निरन्तर साथ रहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल